प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९

च.नं.

मितिः २०७८।१०।१७

विषयः सम्झौता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आ.व २०७८।०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा र गुल्मी जिल्लामा संचालन रहेका सामुदायिक क्याम्पसहरुको पूर्वाधार निर्माण, उपकरण खरिद तथा पुस्तक खरिद अनुदान (शैक्षिकसंस्थाहरुलाई सहायता) कार्यक्रमका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) दाङको विनियोजित बजेटबाट पूर्वाधार निर्माणका लागि रकम उपलब्ध भएकाले छनौटमा परेका तपसिलका क्याम्पसहरुले सूचना प्रकाशित भएको १५ दिन भित्र आवश्यक कागजात सहित यस सामाजिक विकास डिभिजन कार्यालय तानसेन पाल्पामा सम्झौता गर्नुहुन अनुरोध छ। साथै तोकिएको म्याद भित्र सम्झौता नभएमा सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्न बाध्य नहुने व्यहोरा सम्बन्धित संवैलाई जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | सामुदायिक क्यामपसको नाम, ठेगाना | स्वीकृत कार्यक्रमको नाम | विनियोजित बजेट रु |
|---|---|---|---|
| १ | रुद्रावति बहुमुखी क्याम्पस मुसिकोट - ७ वामिटक्सार, गुल्मी | भवन ( सभाहल ) निर्माण | पन्ध्र लाख |
| २ | मानका टिकाराम बहुमुखी क्याम्पस चन्द्रकोट - ८ गुल्मी | पुस्तकालय<br>उपकरण खरिद | एक लाख<br>आठ लाख |
| ३ | चन्द्रकोट क्याम्पस चन्द्रकोट - ४ शान्तिपुर, गुल्मी | कम्पाउण्ड वाल<br>फर्निचर<br>पुस्तकालय | दश लाख<br>पाच लाख<br>एक लाख |
| ४ | श्रृङ्गीश्वर बहुमुखी क्याम्पस रानिवास, गुल्मी | अधुरो भवन निर्माण | पन्ध्र लाख |
| ५ | जनज्योती क्याम्पस मदाने - ६ पुर्कोट दह, गुल्मी | शौचालय | आठ लाख |
| ६ | तानसेन बहुमुखी क्याम्पस तानसेन - ७ पाल्पा | कम्पाउण्ड वाल | आठ लाख |
| ७ | भैरव बहुमुखी क्याम्पस रैनादेवी छहरा - ४ पाल्पा | ट्रष्ट भवन निर्माण | बाह्र लाख |
| ८ | उदबुद्ध कलेज पूर्वखोला - ३ पाल्पा | फर्निचर खरिद | दश लाख |
| ९ | शहिद बहुमुखी क्याम्पस रामपुर, पाल्पा | भवन निर्माण | विस लाख |
| १० | माण्डब्य क्याम्पस तानसेन - ९ दमकडा, पाल्पा | सभाहल निर्माण | बाह्र लाख |

हीरालाल अधिकारी
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९

# सामाजिक विकास डिभिजन कार्यालय

च.नं.

तानसेन, पाल्पा

आवश्यक कागजातहरु:

१. सम्बन्धित क्याम्पसको प्रमुख र संचालक समितिका अध्यक्षलाई सम्झौताको लागी अख्तियारी दिएको क्याम्पस संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी ।

२. सम्बन्धित क्याम्पसको सम्झौता निवेदन पत्र।

३. सम्बन्धित क्याम्पसको संचालक समितिको योजना संचालन गर्ने निर्णयको प्रमाणित प्रतिलिपी।

४. प्रस्तावित निर्माण योजनाको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।

५. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसिमा सहितको स्पष्ट कार्ययोजना ।

६. गत वर्षमा सरकारी रकम वा अन्य स्रोत प्रयोग गरी निर्माण कार्य भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।

७. सम्बन्धित क्याम्पसको गत आ.व. २०७७।७८ को सामाजिक परीक्षण र लेखा परीक्षण प्रतिवेदन।

८. सम्बन्धित क्याम्पसको निर्माण / योजनाका लागि यस कार्यालय बाट उपलब्ध गराईने रकमको कम्तीमा १० प्रतिशत साझेदारी गर्ने सुनिश्चितता सहितको पत्र ।

९. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

१०. निर्माण गरिने संरचनाको नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।

११. उक्त आयोजनामा अन्य निकायको रकम प्रयोग नहुने कुराको सुनिश्चितताका लागी क्याम्पस संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी।

१२. सम्बन्धित क्याम्पसको योजना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।

१३. फर्निचर, उपकरण खरिद तथा पुस्तकालयका कार्यक्रम भएका क्याम्पसहरुको हकमा खर्च भएर नजाने जिन्सी दर्ता रजिस्टरको प्रमाणित प्रतिलिपिका साथै स्थापना काल देखि हालसम्म क्याम्पस तथा क्याम्पसको पुस्तकालयमा रहेका पुस्तकहरुको अभिलेख, फर्निचर तथा उपकरण रहेको रजिस्टरको प्रमाणित प्रतिलिपि र पुस्तकहरुको संख्यात्मक विवरण।

१४. चालु कार्यक्रमबाट खरिद गर्नुपर्ने पुस्तकको विवरण पुस्तकको नाम लेखक प्रकासकको नाम प्रकाशन बर्ष र परिणाम फर्निचर तथा उपकरणको विवरण तथा लागत अनुमान।

१५. क्याम्पसको नाममा रहेको बैङ्कको चेकको भित्रि पानाको प्रमाणित प्रतिलिपि।

२०७८।१०।१६

.............................
हरिलाल अर्याल

हरिलाल अर्याल
कार्यालय प्रमुख